NEBRASKA

Good Life. Great Mission.

# स्वास्थ्य मर्मत अनुगमन

यस कागजातले स्वास्थ्य सेवा प्रदायक, सहभागी, अभिभावक र/वा परिवारका सदस्यहरूलाई स्वास्थ्य मर्मत अनुगमन (HMM) मा प्रदायकको रूपमा काम गर्न आवश्यक पर्ने विधि, योग्यता र सर्तहरू बुझ्नका लागि स्रोतको रूपमा काम गर्दछ।

HMM मा व्यक्तिगत स्वास्थ्यको अनुगमन र दीर्घकालीन चिकित्सा अवस्थाहरूको व्यवस्थापन, स्याहार र समर्थन सुधार गर्न चिकित्सा डाटा सङ्कलन समावेश छ। यो सेवा सहभागीको महत्त्वपूर्ण सङ्केत, बायोमेट्रिक्स वा व्यक्तिपरक डाटालाई टाढाबाट निगरानी गर्ने इलेक्ट्रोनिक सञ्चारका प्रविधिहरूमार्फत प्रदान गरिन्छ। HMM प्राप्त गर्ने सहभागीहरू उपचार गर्ने चिकित्सक, चिकित्सकको सहायक (PA) वा उन्नत अभ्यास दर्ता गरिएको नर्स (APRN) को निरीक्षणमा हुनुपर्छ।

## सहभागीहरू

HMM मा नामाङ्कन भएका सहभागीहरूले:

A. एक वा सोभन्दा बढी दीर्घकालीन रोगहरू छन् (जस्तै उच्च रक्तचाप वा मधुमेह);
B. स्वास्थ्य बिग्रने वा जटिलताहरूको जोखिममा हुनु;
C. सहभागिताका लागि सहमति र अनुगमनको उद्देश्य बुझ्ने; र
D. अनुगमन तालिका पालना गर्न र प्रदायकको अनुगमनको जवाफ दिन इच्छुक हुने।

## यसले कसरी काम गर्छ

A. सहभागी र/वा उहाँहरूको अभिभावक र सल्लाह दिने स्वास्थ्य सेवा विशेषज्ञले HMM अनुरोध गर्नुहुन्छ।
B. सेवा समन्वयक (SC) ले Medicaid मा नामाङ्कित प्रदायकहरूको सूची प्रदान गर्नुहुन्छ वा Medicaid प्रदायकको रूपमा कसरी नामाङ्कन गर्ने भन्नेबारे जानकारी प्रदान गर्दछ।
C. स्वास्थ्य सेवा विशेज्ञले सहभागीको डाटाको जानकारी प्राप्त गर्न चयन गरिएको Medicaid प्रदायकसँग खाता सिर्जना गर्नुहुन्छ।
D. सहभागीले आफ्नो स्वास्थ्यसम्बन्धी डाटा सङ्कलन गर्नका लागि रक्तचाप मनिटर, ग्लुकोमिटर वा धारण गर्न योग्य यन्त्रहरू प्रयोग गर्नु हुने छ।
E. डाटा सुरक्षित जडानहरूमार्फत स्वास्थ्य सेवा विशेषज्ञलाई पठाइन्छ।
F. प्रदायकले बिरामीको अवस्थाको मूल्याङ्कन गर्न, उपचार योजनाहरूमा आवश्यक समायोजन गर्न र सहभागी र/वा उहाँहरूको अभिभावकलाई प्रतिक्रिया प्रदान गर्नका लागि डाटाको समीक्षा गर्नुहुन्छ।

थप जानकारीका लागि आफ्नो SC लाई सम्पर्क गर्नुहोस्।